# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७८/७९
चलानी नम्वर :-

**विषय: सेवा करारमा कर्मचारी लिने सम्बन्धि सूचना ।**

**पहिलो पटक प्रकाशित मिति : २०७९।०२।१७**

प्रस्तुत विषयमा यशोधरा गाउँपालिकाको नवप्रवर्तन साझेदारी कोष अन्तरगत सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रम कार्ययिन्वयन समितिको मिति २०७९।२।१६ गतेको निर्णयानुसार मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, स्थानीय तथा प्रदेश शासन कार्यक्रम, बुटवल र यशोधरा गाउँपालिका विच भएको सम्झौता पत्र बमोजिम सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रम स्वीकृत भएकोमा कार्यक्रम अवधिभर देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नु पर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दरखास्त फारम यस कार्यालयको बेवसाईट www.yasodharamun.gov.np बाट डाउनलोड गरि वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**तपशिल :**

| क्र.स. | विज्ञापन नं | पद | सेवा/समूह | तह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १५/०७८-०७९ | कार्यक्रम संयोजक | - | - | १ | १२००।- | |
| २ | १६/०७८-०७९ | स्वयसेवक फिल्ड सहजकर्ता | - | - | २ | ७००।- | |

८. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

क. कार्यक्रम संयोजक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उर्त्तिण ।

ख. स्वयसेवक फिल्ड सहजकर्ता पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

९. **दरखास्तमा संलग्न गर्नु पर्ने कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि(नेपाल बाहिरको शैक्षिक योग्यता भए नेपालको विश्वविद्यालयबाट लिईएको समकक्षता प्रमाणपत्र) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भएको भए सोको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य भए सोको प्रमाणपत्रको प्रतिलिपि ।

१०. **उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुगि ४५ बर्ष ननाघेको हुनुपर्ने छ ।

११. **सेवा करार अवधि :** कार्यक्रम अवधिभर

१२. **कर्मचारीको पारिश्रमिक :** कार्यक्रममा तोकिए बमोजिम हुने छ ।

१३. **परीक्षाको किसिम :** यशोधरा गाउँपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७६(संशोधन सहित) अनुसार हुने ।

१४. **दरखास्त दिने अन्तिम मिति :** २०७९।०२।३१ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा भोली पल्ट कार्यालय खुल्ने समयमा ।

१५. **दरखास्त दिने स्थान :** यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली कपिलवस्तु ।

१६. **थप जानकारीको लागि :** यशोधरा गाउँपालिकाको कार्यालयमा वा ९८५७०५४८४३ मा सम्पर्क गर्नु हुन ।

प्रमुख प्रशासकीय अधिकृत

Websit : www.ito.yasodharamun.gov.np and Email : info@yasodharamun.gov.np

CamScanner